# तीनपाटन गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**लाम्पनटार, सिन्धुली**
**३ नं. प्रदेश, नेपाल**

# विभिन्न वडा कार्यालयका लागि बिजुलीको पोल तथा अन्य सामग्री, पोलिथिन पाईप र तार जाली सप्लाईको बोलपत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७५।११।०५**

यस गाउँ कार्यपालिकाको कार्यालयले चालु आर्थिक वर्ष २०७५/०७६ को लागि गाउँपालिकाका विभिन्न वडा कार्यालयका लागि बिजुलीको पोल तथा अन्य सामग्री, पोलिथिन पाईप र तार जाली सप्लाई लागि सप्लायर्स मार्फत आपुर्ति गर्नुपर्ने भएकोले सक्षम ईजाजत प्राप्त ईच्छुक फर्म, कम्पनी, व्यवसायीले तपशील बमोजिमको शर्तका आधारमा बोलपत्र फारम पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**शर्तहरुः**

१. बोलपत्र फाराम यो सूचना प्रकाशित भएको मितिदेखि ३० औं दिनसम्म कार्यालय समयभित्र बोलपत्र फारम माग गरेको निवेदन साथ रु. १०।- को टिकट टाँसी नवीकरण भएको वर्ग स्पष्ट खुल्ने निर्माण व्यवसायी दर्ता प्रमाण पत्र, आयकर दर्ता प्रमाण पत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र, आ. व. २०७५/०७६ को करचुक्ता प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपीहरु संलग्न गरी यस कार्यालयको नाममा बैंक अफ काठमाडौ, चकमके शाखा, सिन्धुलीमा रहेको स्थानीय सञ्चितकोषखाता नं. ०१८२०००००१३५२४ मातपशीलको मध्ये कुन ठेक्काका लागि निवेदन पेश गर्ने हो वा सबै ठेक्का लागि ठेक्का निवेदन दिने हो सो अनुसार स्पष्ट खुल्ने गरी बोलपत्र फारम दस्तुर तिरी (फिर्ता नहुने) सोको छायाँप्रति भौचर योजना शाखामा बुझाई प्राप्त गर्न सकिनेछ।

२. बोलपत्र फारम साथ नवीकरण भएको वर्ग स्पष्ट खुल्ने निर्माण व्यवसायी दर्ता प्रमाण पत्र, आयकर दर्ता प्रमाणपत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र आ. व. २०७५।०७६ को करचुक्ता प्रमाण पत्रहरुको प्रमाणित प्रतिलिपीहरु एवं बोलपत्र फारम खरिद गर्दा लिएको बैंक भौचर संलग्न गरेको हुनुपर्नेछ।

३. बोलपत्रफारम साथ ठेक्का कबोल गरेको रकमबाट २.५ प्रतिशत नघट्ने गरी जमानत रकम तीनपाटन गाउँपालिका, सिन्धुलीको नाममा बैंक अफ काठमाण्डु, तीनपाटनशाखा, सिन्धुलीमा रहेको धरौटी खाता नं. ०१८२०००००१६५२४ मा जम्मा गरेको सक्कलै भौचर वा सो रकम बराबरको यस कार्यालयको नाममा जारी भई सूचना प्रकाशित भएको मितिले कम्तीमा ९० दिन म्याद भएको मान्यता प्राप्त बाणिज्य बैंकबाट जारी भएको बोलपत्र जमानत (बिडवण्ड) पेश गर्नुपर्नेछ। बोलपत्र स्वीकृत भएपछि कूल कवोल अंक सार्वजनिक खरिद ऐन तथा नियमावली तथा अन्य प्रचलित कानून बमोजिम धरौटी रकम माथि उल्लेखित धरौटी खातामा जम्मा गरेको सक्कल भौचर वा २०७७ आषाढ मसान्तसम्म म्याद भएको Performance Bond पेश गर्नुपर्नेछ।

४. कुनै फर्म, कम्पनी वा व्यवसायीको नाममा खरिद भएको बोलपत्र फारम अर्को फर्म, कम्पनी वा व्यवसायीको नाममा पेश गर्न पाइने छैन।

५. रीत नपुगी वा म्याद नाघी वा कुनै शर्त राखी दर्ता हुन आएको बोलपत्र फारम उपर कुनै कारवाही गरिने छैन।

६. बोलपत्र फाराममा उल्लेख गरिएको दररेट अंक र अक्षर दुवैमा भरिएको हुनुपर्नेछ। उल्लेखित दररेट अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ।

७. बोलपत्रफारम बुझाउँदा सिलबन्दी गरी खामबाहिर “विभिन्न वडा कार्यालयका लागि बिजुलीको पोल तथा अन्य सामग्री, पोलिथिन पाईप र तार जाली सप्लाई आह्वानको सूचना” भनी स्पष्ट रुपमा लेखी यो सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको मध्यान्न १२ बजेभित्र यस कार्यालयमा दर्ता गर्नुपर्नेछ। दर्ता भएका उक्त बोलपत्र फारामहरु सोही दिन दिनको २.०० बजे बोलपत्र फारामदाता वा निजहरुको प्रतिनिधिको रोहवरमा खोलिनेछ। बोलपत्र फारामदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र फाराम खोल्न बाधा पर्नेछैन। सो दिनबिदा परेमा त्यसपछिको लगत्तै कार्यालय खुलेको दिन उक्त कार्य गरिनेछ।

८. बोलपत्र फर्म आंशिकवा पूर्ण रुपले कुनै कारण जनाई वा नजनाई स्वीकृत गर्ने वा नगर्ने पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

९. अन्य शर्तहरु बोलपत्र फर्ममा उल्लेख गरिएको छ र सोही बमोजिम हुनेछ।

१०. यो सूचनामा उल्लेख भएका कुराहरु यसै अनुसार र यसमा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद (संशोधन सहित) नियमावली २०६४ र अन्य प्रचलित नेपाल कानूनअनुसार हुनेछ।

११. बोलपत्रफर्म सम्बन्धी सूचना कार्यालयको Website: www.tinpatanmun.gov.np समेत हेर्न सकिनेछ । साथै टेण्डरका सम्वन्धमा अन्य थप जानकारीको लागि यस कार्यालयको योजना शाखामा कार्यालय समयमा सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ।

**तपशीलः**

| ठेक्का नं. | विवरण | बोलपत्रफारम दस्तुर रु. | जमानत रकम | कैफियत |
|---|---|---|---|---|
| १०/०७५/७६ | वडा नं ७ र ८ का लागि बिजुलीका सामान खरिद | ३,०००/- | १,२८,४८९/- | |
| ११/०७५/७६ | वडा नं १ र ९ का लागि बिजुलीका सामान खरिद | ३,०००/- | ७३,९१८/- | |
| १२/०७५/७६ | वडा नं २, ३, ६, ७ र १० का लागि पोलिथिन पाईप तथा तार जाली खरिद | १,०००/- | ३९,६५८/- | |

**प्रमुख प्रशासकीय अधिकृत**